# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५४) काठमाडौं, चैत ११ गते २०६१ साल (अतिरिक्ताङ्क ६२

## भाग २

श्री ५ को सरकार

### कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**२०६१ सालको अध्यादेश नं. ३५**

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत वीरेन्द्रमाला महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम महागौरवमय सुप्रदीप्त वीरेन्द्रप्रजातन्त्रभास्कर परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### स्थानीय प्रशासन ऐन, २०२८ लाई संशोधन गर्न बनेको अध्यादेश

**प्रस्तावना:** स्थानीय प्रशासन ऐन, २०२८ लाई तत्काल संशोधन गर्न आवश्यक भएको र हाल संसदको अधिवेशन नभएकोले,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ७२ अनुसार यो अध्यादेश जारी गरिबक्सेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस अध्यादेशको नाम "स्थानीय प्रशासन (पाँचौं संशोधन) अध्यादेश,२०६१" रहेको छ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **स्थानीय प्रशासन ऐन, २०२८ को दफा २ मा संशोधनः** स्थानीय प्रशासन ऐन, २०२८ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को सट्टा देहायको दफा २ राखिएको छ :-

"२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "क्षेत्रीय प्रशासक" भन्नाले दफा ४क. को उपदफा (२) बमोजिम नियुक्त क्षेत्रीय प्रशासक सम्झनु पर्छ ।

(ख) "अञ्चल प्रशासक" भन्नाले दफा ४ङ. को उपदफा (३) बमोजिम नियुक्त अञ्चल प्रशासक सम्झनु पर्छ ।

(ग) "प्रमुख जिल्ला अधिकारी" भन्नाले दफा ५ को उपदफा (१) बमोजिम नियुक्त प्रमुख जिल्ला अधिकारी सम्झनु पर्छ ।"

३. **मूल ऐनको परिच्छेद-३ को शीर्षकमा संशोधनः** मूल ऐनको परिच्छेद-३ को शीर्षकको सट्टा देहायको शीर्षक राखिएको छ :-

"क्षेत्रीय, अञ्चल र जिल्ला प्रशासन"

४. **मूल ऐनको दफा ४क. मा संशोधनः** मूल ऐनको दफा ४क. को,-

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) उपदफा (१) बमोजिमको क्षेत्रीय प्रशासन कार्यालयको प्रमुख प्रशासकीय अधिकारीको रुपमा श्री ५ बाट एक जना क्षेत्रीय प्रशासक नियुक्त गरिबक्सनेछ ।"

(२) उपदफा (२) पछि देहायका उपदफा (३) र (४) थपिएका छन् :-

"(३) क्षेत्रीय प्रशासक श्री ५ को इच्छा अनुसारको अवधिसम्म आफ्नो पदमा बहाल रहने छ ।

(४) देहायको अवस्थामा क्षेत्रीय प्रशासकको पद रिक्त भएको मानिनेछ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) निजले श्री ५ समक्ष पेश गरेको लिखित राजीनामा मौसूफबाट स्वीकृत गरिबक्सेमा,

(ख) श्री ५ बाट निजलाई पदमुक्त गरिबक्सेमा,

(ग) निजको मृत्यु भएमा ।"

५. **मूल ऐनको दफा ४ख. मा संशोधन:** मूल ऐनको दफा ४ख. को उपदफा (२) को,-

(१) खण्ड (ख) मा रहेको "जिल्ला" भन्ने शब्दको सट्टा "अञ्चल " भन्ने शब्द राखिएको छ ।

(२) खण्ड (ग) मा रहेका "तथा जिल्ला" भन्ने शब्दहरु झिकिएका छन् ।

(३) खण्ड (च) मा रहेका "प्रमुख जिल्ला अधिकारी" भन्ने शब्दहरुको सट्टा "अञ्चल प्रशासक" भन्ने शब्दहरु राखिएका छन् ।

(४) खण्ड (छ) मा रहेको "जिल्लाहरु " भन्ने शब्दको सट्टा " अञ्चलहरु" भन्ने शब्द राखिएको छ ।

(५) खण्ड (झ) मा रहेका "निरीक्षण गरी" भन्ने शब्दहरु पछि " वा गर्न लगाई" भन्ने शब्दहरु थपिएका छन् ।

६. **मूल ऐनको दफा ४ग. मा संशोधन:** मूल ऐनको दफा ४ग. को उपदफा (१) को सुरुमा रहेका "प्रत्येक क्षेत्रमा" भन्ने शब्दहरुको सट्टा "प्रत्येक विकास क्षेत्रमा" भन्ने शब्दहरु राखी सोही उपदफाको खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः-

"(ङ) राष्ट्रिय अनुसन्धान विभाग, क्षेत्रीय कार्यालयको प्रमुख -सदस्य-सचिव"

७. **मूल ऐनमा दफा ४ङ, ४च., ४छ, ४ज. र ४झ. थप:** मूल ऐनको दफा ४घ. पछि देहायका दफा ४ङ, ४च., ४छ., ४ज. र ४झ. थपिएका छन् :-

"४ङ. **अञ्चल प्रशासन:** (१) प्रत्येक अञ्चलमा देहाय बमोजिमको एउटा अञ्चल प्रशासन कार्यालय रहनेछः:-

(क) अञ्चल प्रशासन कार्यालय, मेची अञ्चल

(ख) अञ्चल प्रशासन कार्यालय, कोशी अञ्चल

(ग) अञ्चल प्रशासन कार्यालय, सगरमाथा अञ्चल

(घ) अञ्चल प्रशासन कार्यालय, जनकपुर अञ्चल



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) अञ्चल प्रशासन कार्यालय, बागमती अञ्चल
(च) अञ्चल प्रशासन कार्यालय, नारायणी अञ्चल
(छ) अञ्चल प्रशासन कार्यालय, गण्डकी अञ्चल
(ज) अञ्चल प्रशासन कार्यालय, लुम्बिनी अञ्चल
(झ) अञ्चल प्रशासन कार्यालय, धवलागिरी अञ्चल
(ञ) अञ्चल प्रशासन कार्यालय, राप्ती अञ्चल
(ट) अञ्चल प्रशासन कार्यालय, कर्णाली अञ्चल
(ठ) अञ्चल प्रशासन कार्यालय, भेरी अञ्चल
(ड) अञ्चल प्रशासन कार्यालय, सेती अञ्चल
(ढ) अञ्चल प्रशासन कार्यालय, महाकाली अञ्चल

(२) अञ्चल प्रशासन कार्यालयको मुकाम श्री ५ को सरकारले तोकेको स्थानमा रहनेछ ।

(३) उपदफा (१) बमोजिमको अञ्चल प्रशासन कार्यालयको प्रमुख प्रशासकीय अधिकारीको रुपमा श्री ५ बाट एक जना अञ्चल प्रशासक नियुक्त गरिबक्सनेछ ।

(४) अञ्चल प्रशासक श्री ५ को इच्छा अनुसारको अवधिसम्म आफ्नो पदमा बहाल रहनेछ ।

(५) देहायको अवस्थामा अञ्चल प्रशासकको पद रिक्त भएको मानिनेछ :-

(क) निजले श्री ५ समक्ष पेश गरेको लिखित राजीनामा मौसूफबाट स्वीकृत गरिबक्सेमा,

(ख) श्री ५ बाट निजलाई पदमुक्त गरिबक्सेमा,

(ग) निजको मृत्यु भएमा ।

४च. **अञ्चल प्रशासकको काम, कर्तव्य र अधिकार**: (१) श्री ५ को सरकारको नीति र निर्देशन तथा क्षेत्रीय प्रशासकको सामान्य रेखदेखमा रही समन्वयात्मक तरिकाले आफ्नो अञ्चलभित्र प्रशासन सञ्चालन गर्ने, गराउने उत्तरदायित्व अञ्चल प्रशासकको हुनेछ ।

(२) अञ्चल प्रशासकको अन्य काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) आफ्नो अञ्चलभित्र शान्ति, सुरक्षा र व्यवस्था कायम राख्ने, राख्न लगाउने.



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) आफ्नो अञ्चलभित्रका जिल्ला प्रशासन कार्यालयहरुको कार्य सञ्चालनमा रेखदेख र समन्वय गर्ने,

(ग) आफ्नो अञ्चलभित्रका जिल्ला कार्यालयहरुको कामलाई सेवामुखी र मितब्ययी बनाउन तथा ढिलासुस्ती, लापरबाही, भ्रष्टाचार आदि हुन नदिन आवश्यक कारबाही गर्ने, गराउने,

(घ) अन्य कानूनमा व्यवस्था भएकोमा सोहीबमोजिम हुने गरी सो बाहेक आफ्नो अञ्चलभित्रको सरकारी तथा सार्वजनिक सम्पत्तिको संरक्षण, रेखदेख तथा मर्मत सम्भार गर्ने, गराउने,

(ङ) आफ्नो अञ्चलभित्रको शान्ति सुरक्षासम्बन्धी वस्तुस्थितिको यथार्थ जानकारी नियमित रुपमा श्री ५ को सरकार तथा क्षेत्रीय प्रशासकलाई उपलब्ध गराउने,

(च) सम्बन्धित प्रमुख जिल्ला अधिकारीबाट आफ्नो अञ्चलभित्रको विदेशी मुलुकसँग जोडिएको सिमानाको आवधिक निरीक्षण गर्न लगाई क्षेत्रीय प्रशासक मार्फत श्री ५ को सरकार समक्ष प्रतिवेदन पेश गर्ने र सीमावर्ती क्षेत्रमा हुने आपराधिक कियाकलापहरुको नियन्त्रणमा स्थानीय प्रशासनको प्रभावकारिता बढाउन आवश्यक व्यवस्था मिलाउने,

(छ) आफ्नो अञ्चलभित्रका दुई वा दुईभन्दा बढी जिल्लाहरुबीच कायम रहेको सिमाना, बाटो, कुलो, पैनी खानेपानी आदि सार्वजनिक सरोकारको विषयमा आपसी मतभेद वा विवाद उत्पन्न भएमा सम्बन्धित पक्षहरु राखी निराकरणको लागि आवश्यक व्यवस्था गर्ने, गराउने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

(ज) दैवी प्रकोप, महामारी, भोकमरी जस्ता विषम परिस्थिति नियन्त्रण एवं व्यवस्थापन गर्न आवश्यक व्यवस्था गर्ने, गराउने,

(झ) आफ्नो अञ्चलभित्रका कारागारहरुको नियमित निरीक्षण गरी वा गर्न लगाई कारागार सुसञ्चालनको आवश्यक व्यवस्था मिलाउने र कैदीहरुको कैद माफिको लागि क्षेत्रीय प्रशासक मार्फत सिफारिस गर्ने,

(ञ) आफ्नो अञ्चलभित्र राष्ट्रियताको भावना अभिवृद्धि गरी नेपाली जनताबीच मेलमिलाप र आपसी सद्भावद्वारा एकता कायम गर्न आवश्यक पर्ने कार्यहरु गर्ने,

(ट) श्री ५ को सरकार तथा क्षेत्रीय प्रशासकले समय-समयमा दिएको आदेश तथा निर्देशन अनुसार अन्य काम कारबाही गर्ने गराउने तथा त्यसको अनुगमन गर्ने ।

४छ. **अञ्चल सुरक्षा समिति:** (१) प्रत्येक अञ्चलमा शान्ति, सुरक्षा र सुव्यवस्था कायम गर्ने काममा सहयोग पुऱ्याउन देहायबमोजिमको एक अञ्चल सुरक्षा समिति रहनेछ :-

| | | |
|---|---|---|
| (क) | अञ्चल प्रशासक | - अध्यक्ष |
| (ख) | शाही नेपाली सेनाको स्थानीय प्रमुख | - सदस्य |
| (ग) | अञ्चल प्रहरी कार्यालयको प्रमुख | - सदस्य |
| (घ) | सशस्त्र प्रहरी कार्यालयको अञ्चल स्तरीय प्रमुख | - सदस्य |
| (ङ) | राष्ट्रिय अनुसन्धान विभाग, अञ्चल कार्यालयको प्रमुख | -सदस्य-सचिव |

(२) अञ्चल सुरक्षा समितिको बैठकमा अञ्चल प्रशासकले आवश्यकता अनुसार आफ्नो अञ्चलभित्रको अन्य कार्यालयका पदाधिकारीलाई आमन्त्रण गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपदफा (१) बमोजिमको समितिको बैठक आवश्यकता अनुसार अध्यक्षले बोलाउन सक्नेछ ।

४ज. **अञ्चल प्रशासकको नियन्त्रणमा रही काम गर्नु पर्ने:** आफ्नो अञ्चलभित्र शान्ति सुरक्षा कायम गर्ने कामको लागि अञ्चल प्रहरी कार्यालयले अञ्चल प्रशासकको प्रत्यक्ष नियन्त्रण र निर्देशनमा रही काम गर्नु पर्नेछ ।

४झ. **पारिश्रमिक, सेवाको शर्त र सुविधा:** क्षेत्रीय प्रशासक र अञ्चल प्रशासकको पारिश्रमिक, सेवाको शर्त र सुविधा संवैधानिक निकायका पदाधिकारीहरुको पारिश्रमिक, सेवाको शर्त र सुविधासम्बन्धी ऐन, २०५३ बमोजिम क्रमशः प्रमुख पदाधिकारी र पदाधिकारीको सरह हुनेछ ।"

८. **मूल ऐनको दफा ५ मा संशोधन:** मूल ऐनको दफा ५ को उपदफा (१) मा रहेका "क्षेत्रीय प्रशासकको" भन्ने शब्दहरुको सट्टा "अञ्चल प्रशासकको" भन्ने शब्दहरु राखिएका छन् ।

९. **मूल ऐनको दफा ६ मा संशोधन:** मूल ऐनको दफा ६ को,-

(१) उपदफा (१क) मा रहेका "क्षेत्रीय प्रशासक तथा गृह मन्त्रालयलाई" भन्ने शब्दहरुको सट्टा "अञ्चल प्रशासक, क्षेत्रीय प्रशासक तथा गृह मन्त्रालयलाई" भन्ने शब्दहरु राखी सोही उपदफामा रहेका "क्षेत्रीय प्रशासकले" भन्ने शब्दहरुको सट्टा "अञ्चल प्रशासकले" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपदफा (२) मा रहेका "क्षेत्रीय प्रशासक" भन्ने शब्दहरुको सट्टा "अञ्चल प्रशासक, क्षेत्रीय प्रशासक" भन्ने शब्दहरु राखिएका छन् ।

(३) उपदफा (२क) को सट्टा देहायको उपदफा (२क) राखिएको छ:-

"(२क) आफ्नो अधिकार क्षेत्रभित्रको सिमाना जोडिएका दुई वा दुईभन्दा बढी जिल्लाहरुमा गम्भीर अशान्ति भएको छ वा हुने सम्भावना छ र सो ठाउँमा भईरहेको अशान्ति रोक्न वा अशान्ति हुन नदिन अन्य प्रहरीको मद्दतबाट मात्र सम्भव छैन भन्ने अञ्चल प्रशासक वा क्षेत्रीय प्रशासकलाई लागेमा निजले स्थानीय वा नजिकको सशस्त्र प्रहरी वा अवस्था अनुसार शाही नेपाली सेनाको मद्दत माग्न सक्नेछ । त्यसरी सशस्त्र प्रहरी वा शाही नेपाली सेनाको मद्दत मागेकोमा अञ्चल प्रशासकले सम्बन्धित प्रमुख जिल्ला अधिकारी, क्षेत्रीय प्रशासक र गृह मन्त्रालयलाई तथा क्षेत्रीय प्रशासकले सम्बन्धित प्रमुख जिल्ला अधिकारी, अञ्चल प्रशासक र गृह मन्त्रालयलाई चौबीस घण्टाभित्र सबैभन्दा छिटो साधनद्वारा त्यसको सूचना दिनु पर्नेछ ।"



36
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उपदफा (७) को खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः-

"(ङ) राष्ट्रिय अनुसन्धान विभाग,
जिल्ला कार्यालयको प्रमुख -सदस्य-सचिव"

१०. **मूल ऐनको दफा ६क. मा संशोधनः** मूल ऐनको दफा ६क. को उपदफा (६) मा रहेका "क्षेत्रीय प्रशासक" भन्ने शब्दहरुको सट्टा "अञ्चल प्रशासक, क्षेत्रीय प्रशासक" भन्ने शब्दहरु राखिएका छन् ।

११. **मूल ऐनको दफा ६ख. मा संशोधनः** मूल ऐनको दफा ६ख. को उपदफा (४) मा रहेका "क्षेत्रीय प्रशासक" भन्ने शब्दहरुको सट्टा "अञ्चल प्रशासक, क्षेत्रीय प्रशासक" भन्ने शब्दहरु राखिएका छन् ।

१२. **मूल ऐनको दफा ७ मा संशोधनः** मूल ऐनको दफा ७ को ठाउँ ठाउँमा रहेका "क्षेत्रीय प्रशासक" भन्ने शब्दहरुको सट्टा "अञ्चल प्रशासक, क्षेत्रीय प्रशासक " भन्ने शब्दहरु राखिएका छन् ।

१३. **मूल ऐनको दफा ११ मा संशोधनः** मूल ऐनको दफा ११ को,-

(१) उपदफा (३क) मा रहेका "क्षेत्रीय प्रशासकले" भन्ने शब्दहरु पछि "अञ्चल प्रशासक," भन्ने शब्दहरु थपिएका छन् ।

(२) उपदफा (३क) पछि देहायको उपदफा (३ख) थपिएको छ :-

"(३ख) यो ऐन वा अन्य प्रचलित कानूनबमोजिम आफूलाई प्राप्त भएको अधिकारहरुमध्ये सबै वा केही अधिकारहरु अञ्चल प्रशासकले प्रमुख जिल्ला अधिकारी वा आफ्नो मातहतको कुनै अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ र यसरी अधिकार प्रत्यायोजन गरेको सूचना क्षेत्रीय प्रशासक र गृह मन्त्रालयलाई तुरुन्त दिनु पर्नेछ ।"

(३) उपदफा (४) मा रहेका "क्षेत्रीय प्रशासक" भन्ने शब्दहरुको सट्टा "अञ्चल प्रशासक,क्षेत्रीय प्रशासक" भन्ने शब्दहरु राखिएका छन् ।

**लालमोहर सदर मितिः- २०६१।१२।११।५**

आज्ञाले,
डा. कुल रत्न भूर्तेल
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्यः रू. ५।-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
३८